# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९४/०७३/७४**
**निर्णय नं. ४६५**

बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न. पा.-३ हाल नयाँ बानेश्वर, काठमाडौं निवासी कृष्ण केसी .......१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ..............................................१ } विपक्षी
सूचना अधिकारी, गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ..............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न. पा.-३ हाल नयाँ बानेश्वर, काठमाडौं निवासी कृष्ण केसीले गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं समक्ष मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन माग गरेकोमा उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।११।१५ मा पुनरावेदन गर्दा निजले पुनरावेदन साथ पेस गरेका कागजातबाट निम्न तथ्य देखिएको ।

**तथ्यहरु :**

(१) मिति २०७३।०८।१३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी समक्ष मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन उपलब्ध गराई पाउँ भनी निवेदन गरेको ।

(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यालयको मिति २०७३।०८।२३ को पत्रबाट मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रहेको व्यहोरा पुनरावेदकलाई जानकारी गराएको ।

(३) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७२।०८।२६ को पत्रबमोजिम मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन सो मन्त्रालयमा नभएको भनी पुनरावेदकलाई जानकारी गराएको ।

(४) मिति २०७३।०९।१९ गते व्यवस्थापिका संसद सचिवालयका सूचना अधिकारी समक्ष मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन उपलब्ध गराई पाउँ भनी निवेदन पेस गरेको । सो निकायको जवाफ पुनरावेदनसाथ नरहेको ।

(५) निज पुनरावेदकले मिति २०७३।०९।१९ गते गृह मन्त्रालयमा सूचना अधिकारीसँग प्रतिवेदन माग गरेकोमा गृह मन्त्रालयको मिति २०७३।१०।१२ को पत्रबाट पुनरावेदकले माग गरेको प्रतिवेदनहरु मध्ये मल्लिक आयोगको प्रतिवेदन उक्त मन्त्रालयमा मौजुदा रहेको, रायमाझी आयोगको प्रतिवेदन नभएको र सार्वजनिक गर्ने निर्णय समेत नभएको भनी जानकारी गराएको ।

(६) निज पुनरावेदकले गृह मन्त्रालयका सूचना अधिकारीबाट माग गरेको सूचना नपाए पछि उक्त मन्त्रालयका सचिवसमक्ष उजुरी गर्दा उक्त मन्त्रालयको मिति २०७३।११।०२ को पत्रबाट पुनरावेदकलाई २०७३।१०।१२ कै पत्रद्वारा जानकारी गराई सकिएकै छ भनी जवाफ दिएको ।

(७) तत् पश्चात निजले गृह मन्त्रालयका कार्यालय प्रमुख एवं सचिव र सूचना अधिकारी समक्ष माग बमोजिमको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा पुनरावेदन गरेको ।

**आयोगको ठहर :**

अब निर्णयतर्फ विचार गर्दा उपरोक्त बमोजिम तथ्यहरु भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरु निरुपण हुनुपर्ने देखिन्छ :

(क) पुनरावेदकले सूचना माग गरेको विषय सूचनाको हक अनुरुप आफ्नो वा सार्वजनिक सरोकारको विषय हो होइन ?

(ख) नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिनु पर्ने विषय हो होइन ?

(ग) माग गरिएको सूचना सार्वजनिक गर्न आदेश जारी गर्नु पर्ने निकाय गृह मन्त्रालय हो होइन ?

(घ) प्रस्तुत सूचना मागको सम्वन्ध गृह मन्त्रालय बाहेक अन्य निकाय पनि सूचना प्रवाहमा सहयोगी निकायमा पर्छन वा पर्दैनन् ?

माथि प्रकरण (क) मा उल्लेखित पुनरावेदनले माग गरेको विषय नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिए अनुरुप पुनरावेदकको हकमा आफ्नो वा सार्वजनिक सरोकारको विषय हो होइन भनी निरुपण गर्नु पर्ने देखिएको छ । यी दुवै प्रतिवेदनहरु जनआन्दोलनको सफलता पछिका उपलब्धिलाई संस्थागत गर्न राज्य र समाजलाई लोकतान्त्रिक पद्दतिमा रुपान्तरित गर्न, मुलुकमा दण्डहिनाको अन्त्य गर्न, गैह्र लोकतान्त्रिक चरित्रलाई निस्तेज गर्न, मुलुकमा सदाचार, नैतिकता, जवाफदेहिता र जनउत्तरदायित्वको भावना विकास गर्न तयार भएका हुन् । साथै, समाजमा विद्यमान भ्रष्टाचार नियन्त्रण गर्न, मानव अधिकार उल्लंघन रोक्न, सार्वजनिक पदमा रहेकाले आफूलाई कानूनले प्रदान गरेको अधिकार राष्ट्र र देशबासीको हितमा सदुपयोग गरी दुरुपयोग नियन्त्रण गर्न र अन्याय र पिडामा परेकालाई कानूनी उपचार र राहत प्रदान गर्न तथा कानूनको उल्लंघन गर्नेलाई कानूनी वा सामाजिक रुपमा दण्डित गर्न यी प्रतिवेदन तयार गर्ने गरी आयोगहरु गठन भएको देखिन्छ । यसर्थ प्रस्तुत दुबै प्रतिवेदन आम नेपाली नागरिकको पूर्णत: सरोकारको बिषय हो भन्ने कुरालाई नकार्न सकिने अवस्था छैन । यसर्थ यी दुवै प्रतिवेदनहरु पुनरावेदकले माग बमोजिम पाउनु पर्ने र सार्वजनिक सरोकारको विषय समेत भएको कुरामा कुनै द्विविधा रहेन ।

प्रकरण (ख) मा उल्लेख भए अनुसार यी दुई प्रतिवेदन सार्वजनिक गर्न सम्बन्धित निकायलाई आदेश जारी गर्नु पर्ने नपर्ने विषयका सम्वन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ का प्रावधानहरुलाई मिहिन रुपमा केलाउनु पर्ने देखिन्छ । यस ऐनको प्रस्तावनामा राज्यका काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुल्ला र पारदर्शि बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको हितमा सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन यो ऐन जारी भएको कुरा लेखिएको छ । साथै, सोही ऐनको दफा ३ को उपदफा (१) र (२) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ । तर, सोही ऐनको दफा ३ को उपदफा (३) को प्रकरण (क) देखि (ङ) सम्मका सूचनाहरु प्रवाह गरिने छैन भन्ने व्यवस्था छ । यस सम्वन्धमा गृह मन्त्रालयले यस अनुरुप माग भएको सूचना प्रवाह नगरिने सूचनाको वर्गिकरण भित्र परेको कुरा खुलाई सूचना मागकर्तालाई जवाफ

दिएको अवस्था छैन । तथापी कानूनमा यी ५ प्रकारका सूचना पनि प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्ववाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भन्ने व्यवस्था छ । यस अतिरिक्त सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २७ मा सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्वन्धित सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नु पर्ने व्यवस्था छ । हाल सूचना वर्गिकरण समितिले सूचनाको वर्गिकरण गरी यस कानून अनुसार आयोगलाई जानकारी गराएको छैन । यसर्थ, वर्तमान स्थितिमा सूचनाको वर्गिकरण नभएकाले सरकारले कुनै पनि प्रकारको सूचना संरक्षण गर्नु पर्ने आवश्यकता नठानेको हो कि ? भनी तर्क गर्न सकिने अवस्था छ । साथै ऐ. ऐनको दफा २७ को उपदफा (५) मा यसरी वर्गिकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृति अनुसार बढीमा तीस बर्षको अवधिसम्म गोप्य राख्न सकिने व्यवस्था छ । यस सन्दर्भमा मल्लिक आयोगले प्रतिवेदन पेस गरेको करिब २५ बर्ष नाधि सकेको छ । अब यी दुई प्रतिवेदन के कस्ता प्रकृतिका हुन् र कुन परिवेशमा यी आयोग गठन भए भनी बिवेचना हुनुपर्ने देखिन्छ । नेपालमा २०४६ सालमा जनआन्दोलन भयो । सो जनआन्दोलनवाट प्रजातन्त्र पुनर्स्थापनासँगै नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । राजनैतिक व्यवस्थामा परिवर्तन आई मुलुक लोकतान्त्रिक पद्दतिमा रुपान्तरित भयो । यस्तो महत्वपूर्ण जनआन्दोलनका बखत सार्वजनिक पदमा रहेका कुन कुन पदाधिकारीले के कस्ता भूमिका निर्वाह गरे ? कहाँ कहाँ के कस्ता घटना घटे ? यी सबै पक्षलाई लोकतान्त्रिक सरकारले के कसरी संवोधन गर्नु पर्छ भनी तत्कालीन क्षेत्रीय अदालतका माननीय मुख्य न्यायाधीश श्री जनार्दनलाल मल्लिकको अध्यक्षतामा न्यायिक जाँचबुझ गर्न मल्लिक आयोगको गठन गरिएको हो । यसैगरी मुलुकमा २०६२/६३ मा पुन जनआन्दोलन-२ भयो । सो जनआन्दोलनको सफलता सँगै मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो । २०७२ सालमा जारी भएको संविधानले संघीय शासन प्रणाली अवलम्वन गऱ्यो । यसरी मुलुकमा पूर्ण लोकतन्त्रको बहाली भएसँगै २०६२/६३ को जन आन्दोलनमा घटेको घटना, सो बखत विभिन्न पदमा रहेका पदाधिकारीले सम्पादन गरेका काम कारवाही, सो जनआन्दोलनमा सहभागी हुदा पिडा पुगेको वर्ग, परिवर्तित राज्य प्रणालीको दायित्व लगायतका विषयमा सत्य तथ्य सहितको प्रतिवेदन दिन सर्वोच्च अदालतका निर्वतमान न्यायाधिश श्री कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन पनि कार्यान्वयनका लागि तयार भएको हो । यसरी दुवै आयोग जिम्मेवार व्यक्तिहरुको नेतृत्वमा गठन भएका न्यायिक प्रतिवेदनहरु हुन् । यस्ता प्रतिवेदनहरु स्वयं सरकारले समयमै सार्वजनिक गर्नु पर्ने देखिन्छ । जहाँसम्म रायमाझी आयोगको प्रतिवेदनको प्रसंग छ यसको अर्को मुद्दामा शारदा भुषाल (झा)ले यस आयोगमार्फत रायमाझी आयोगको प्रतिवेदन माग गरेकोमा व्यवस्थापिका-संसद सचिवालय (सूचना तथा जनसंम्पर्क शाखा)को मिति २०७३।०४।३२ को पत्र मार्फत सो आयोगको प्रतिवेदनको प्रतिलिपि लिन सकिने जानकारी गराएको देखिन्छ । यसर्थ रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक भैसकेको अवस्थालाई प्रष्ट पारेको छ । तथापी, यी सबै वस्तुस्थितिको विश्लेषण गर्दा गृह मन्त्रालयलाई यी दुई प्रतिवेदन सार्वजनिक गर्न आदेश दिनु पर्ने स्थिति देखिएको छ ।

माथि प्रकरण (ग) मा उल्लेख भए अनुसार यी दुई प्रतिवेदन मागकर्तालाई उपलब्ध गराउन र सार्वजनिक गर्न आदेश दिनु पर्ने निकाय कुन हो भन्ने विषयमा विश्लेषण गर्दा यी दुवै मोटामोटी एकै प्रकृति र अवस्थामा गठन भएमा आयोगहरु छन् । एउटा आयोग जनआन्दोलन-१ पछि र अर्को आयोग जनआन्दोलन २ पछि गठन भएको हो । गृह मन्त्रालयको मिति २०७३।१०।१२ को पत्रमा मल्लिक आयोगको प्रतिवेदन आफूसँग भएको कुरा स्वीकार गरिसकिएको छ । यस अर्थमा रायमाझी आयोगको प्रतिवेदन पनि सोही मन्त्रालयमा रहनु पर्ने महशुस हुन्छ । यस्तो गंभिर विषयमा गृह मन्त्रालयले आफ्नो सट्टा अर्को कुन निकायमा सो प्रतिवेदन छ भन्ने कुरा समेत इंगित गर्न सकेको छैन । यसर्थ इतिहासका दुई फरक फरक काल खण्डमा गठित यी दुवै आयोगका प्रतिवेदन गृह मन्त्रालयमै रहनु पर्ने महशुस गरी तत् मन्त्रालयलाई नै प्रतिवेदन उपलब्ध गराउन र सार्वजनिक गर्न आदेश दिनु पर्ने देखिन्छ ।

माथि प्रकरण (घ) मा उल्लेख भए अनुसार माग भएका दूईवटा प्रतिवेदन उपलब्ध गराउन र सार्वजनिक गर्न अन्य निकाय पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित छ वा छैनन् भनी विवेचना गर्नु पर्ने स्थिति आएको छ । प्रस्तुत सन्दर्भमा मल्लिक आयोगको प्रतिवेदन स्वयं गृह मन्त्रालयसँग भएकोले केही बोली रहनु परेन । रायमाझी आयोगको प्रतिवेदन गृह मन्त्रालयमा छैन भनिएको छ । तथापी व्यवस्थापिका-संसदमा सो प्रतिवेदन रहेको तथ्यका आधारमा कुन निकायबाट सो प्रतिवेदन तहाँ पुग्यो भनी बुझ्न चाहेका बखत गृह मन्त्रालयलाई व्यवस्थापिका संसद सचिवालयले सहयोग गरिदिनु पर्ने देखिन्छ । साथै, यस सम्वन्धी सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट पनि गृह मन्त्रालयले हासिल गर्न सक्ने हुन्छ र यसका लागि तत् मन्त्रालयले पूर्ण सहयोग उपलब्ध गराउनु पर्छ । कारण, उक्त मन्त्रालयको च. नं. ४८६ मिति २०७२।०८।२६ को पत्रमा न्यायिक जाँचबुझ आयोग सम्वन्धी कार्यक्षेत्र यस मन्त्रालयको भएको कुरा स्वीकार गरिएको छ । तर निज पुनरावेदकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, व्यवस्थापिका-संसद सचिवालय र गृह मन्त्रालयसँग प्रस्तुत दूईवटा प्रतिवेदन माग गरेकामा निजले यी प्रतिवेदन गृह मन्त्रालयसँग नै छन् भनी विश्वस्त भै आयोगमा पुनरावेदन गर्दा गृह मन्त्रालयका विरुद्धमात्रै माग दावी लिएकाले यसको जिम्मेवार निकाय गृह मन्त्रालयलाई मान्नु पर्ने स्थिति सृजना भएको हो । यी दुवै प्रतिवेदनहरु सार्वजनिक गर्ने सन्दर्भमा कुनै प्रकारको सहयोग र समन्वय आवश्यक परेमा नेपाल सरकारका मुख्य सचिवसँग गृह मन्त्रालयले सहयोग लिन सक्ने नै हुन्छ ।

माथिको सम्पूर्ण तथ्य तथ्याङ्कको विश्लेषण र विवेचनाका आधारमा पुनरावेदकले माग गरेको मल्लिक आयोग र रायमाझी आयोगको प्रतिवेदन आवश्यक प्रक्रिया पुरा गर्नु पर्ने भए सो गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम मागकर्तालाई उपलब्ध गराउन गृह मन्त्रालयका सचिव र तत् मन्त्रालयका सूचना अधिकारीको नाममा आदेश हुने ठहर्छ । साथै पुनरावेदकको माग बमोजिम यी दुई प्रतिवेदनहरु आवश्यक प्रकिया पूरा गर्नु पर्ने भए सो गरी सार्वजनिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग) बमोजिम आदेश हुने ठहर्छ । यी आदेशको कार्यान्वयन गर्न आवश्यक सहयोग उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिव, व्यवस्थापिका-संसदका महासचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलाई समेत लेखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल फाल्गुण २० गते रोज ६ शुभम्